जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

बर्ष ११ • अंक १७८ • २०८१ वैशाख ७ गते शुक्रवार • 19 Apr. 2024 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

## धनुषामा चार बर्ष पछि दुहवीमा लाग्यो हाट, स्थानीय खुशी

गणेश कुमार सिंह
धनुषा, ६ बैशाख

धनुषाको विदेह नगरपालिका वडा नम्बर २ दुहबी गोबराही चोकमा चार वर्षपछि हाटबजार सञ्चालनमा आएपछि किसानहरू हर्षित भएका छन्।

गाउँलेहरूका बीचमा अन्तद्वन्द्व चुलिएपछि गत २०७६ सालमा यहाँको साप्ताहिक हाटबजार बन्द भएको थियो । त्यसयता किसानलाई आफ्ना उत्पादन बेच्नका लागि करिब पाँच किलोमिटरको दुरीमा रहेको तौनकौरिया चोकस्थित बजारसम्म पुग्न बाध्य हुनुपरेको थियो । दुहबी र गोबराहीको बीच भागमा पर्ने बजारमा नयाँ वर्षका दिनबाट हाट लाग्न थालेपछि आफ्ना खेतबारीमा उत्पादित बालीनाली बेच्न साताका दुईपटक पर्तिरका गाउँसम्म धाउनपर्ने किसानको विवशतामात्र सकिएको छैन, स्थानीयले गाउँमै ताजा तरकारी किन्न पाउने सुविस्ता पाएका छन्। गाउँको विद्यालयसँगै जोडिएको हाट सञ्चालनमा आउँदा उब्जनी बेच्न



एक गाउँबाट अर्को गाउँसम्म सामग्री ओसार पसार गर्न मुश्किल हुने किसानको सकसमा विराम लागेको छ। तिनीहरूले गाउँकै हाटमा आफ्ना उत्पादन उचित मूल्यमा बेच्न पाएका छन् । दुहवीको कृषि हाटबजार आइतबार, बुधबार र शुक्रबार गरी हप्ताको तीन दिन लाग्नेछ। गाउँमै कृषि हाटबजार सञ्चालन भएपछि यहाँका बासिन्दाका लागि दीपावली नै गर्ने अवसर निम्त्याएको विदेह नगरपालिकाका कार्यपालिका सदस्य शत्रुधन रायले बताए। उनले चार गाउँका बीचमा रहेको सो हाटबजारबाट तरकारी उब्जाउने किसानसँगै आम जनतालाई सुविधा भएको उल्लेख गरे। उनले भने, 'चार वर्षअघि हाटबजार लाग्न छाडेपछि जनतालाई निकै अप्ठ्यारो परेको थियो । त्यसैले नगरप्रमुख, उपप्रमुख र वडाध्यक्षहरूका पहलमा कार्यपालिकाको निर्णयबाटै हामीले हाटबजार सञ्चालनमा ल्याएका हौं।' स्थानीय हाटबजारमा कृषि उत्पादन बेच्न महिलाको संख्या उल्लेख्य हुन्छ। टाढासम्म पुगेर सामान बेच्दा पुरुषको तुलनामा महिलालाई बढी कष्ट बेहोर्नुपर्ने स्थिति थियो । तरकारी व्यावसायी एक महिलाका अनुसार गाउँमा हाट सुरु भएपछि छरिवरि भएर लाग्ने बजार एक ठाउँमा आएको

*बांकी पृष्ठ २ मा।*

## मुख्यमन्त्री सरोजकुमार यादवद्वारा मन्त्रिपरिषद् विस्तारको तयारी

जलेश्वरटुडे समाचारदाता
धनुषा, ६ बैशाख


मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिपरिषद् विस्तारको तयारी गरेका छन्।


वैशाख ४ गते प्रदेश सभाबाट चौथोपटक विश्वासको मत लिएका मुख्यमन्त्री यादवले मन्त्रिपरिषद् विस्तार गर्न लागेका हुन् । जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी लोसपाले छोडेको मन्त्रालय नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीलाई दिएर मन्त्रिपरिषद् विस्तार गर्न लागिएको हो । माओवादीका दुई र एकीकृत समाजवादीबाट एकसहित तीन मन्त्री थपेर मन्त्रिपरिषद् विस्तार गर्न लागेको मुख्यमन्त्रीका प्रेस संयोजक आतिश



मिश्रले जानकारी दिए । मिश्रका अनुसार तीनै जना मन्त्रीको शपथ गराउने तयारी भइरहेको छ।

मन्त्री बन्नेहरूमा महोत्तरी निर्वाचन क्षेत्र नं १ (२) बाट निर्वाचित माओवादी संसदीय दलका नेता भरत प्रसाद साह, रौतहट ४(१) बाट निर्वाचित माओवादीका अर्का सांसद युवराज भट्टराई र एकीकृत समाजवादीबाट सर्लाही निर्वाचन क्षेत्र १(२) बाट निर्वाचित बेचि लुङ्गेली छन् । तीनै जनालाई आज विनाविभागिय मन्त्रीको शपथ गराइने र पछि मन्त्रालयको जिम्मेवारी तोकिने मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।





जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## सम्पादकीय ...

# नवीनतम आधार हुनुपर्छ

*यति बेला नेपाल सरकार सोह्रौँ योजनाको मस्यौदा लेखन कार्यमा तीव्रताका साथ जुटिरहेको छ । राष्ट्रिय योजना आयोगमार्फत कार्य थालनी गरिएको सोह्रौँ योजनाको कार्य अवधि पाँच वर्षको हुने छ । पन्ध्रौँ योजनाको कार्य अवधि सकिएलगत्तै आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्म कायम हुने गरी सोह्रौँ योजना- निर्धारित निश्चित सोच, उद्देश्य, लक्ष्य, नीति, रणनीति र कार्यक्रमिक खाकासहित कार्यान्वयनमा आउने छ । जस अनुसार सोह्रौँ योजनामा सुशासन, सामाजिक न्याय र समृद्धि प्राप्तिलाई प्रमुख सोच निर्धारण गरी अगाडि बढाइने भएको छ । यसै गरी प्रमुख उद्देश्यमा राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्ने, स्वास्थ्य, शिक्षा, रोजगारी, आवास, सुरक्षा तथा सार्वजनिक सेवाप्रवाहमा सामाजिक न्याय स्थापित गर्ने र मानवीय जीवन एवं राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने भन्ने छ ।*

*पन्ध्रौँ योजनामा समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसरको प्राप्ति, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकको रूपमा नेपाललाई विकास गर्ने सोच राखिएको थियो । योजना अवधिको प्रगतिलाई मापन गर्दा १५ औँ योजना आशातीत रूपमा अर्थपूर्ण हुन सकेन । पूर्वाधार विकासको क्षेत्रले केही नवीनतम खाका दिन सकेको विश्लेषण भइरहेको छ ।*

*नेपालको सन्दर्भमा पाँचवर्षे योजना तर्जुमा गरि हँदा ध्यान दिनुपर्ने मूलभूत पक्ष भनेको कार्यान्वयन तहमा आउन सक्ने सम्भावित समस्या पहिचान हो । यस बिचमा भएका विभिन्न अनुसन्धान र सम्बन्धित दातृ निकायले पनि नेपालका योजना लक्ष्यमा पुग्न नसक्नुमा कार्यान्वयन पक्षमा रहेको फितलोपनालाई औँल्याएका छन् । राज्यको मौजुदा संरचना र संयन्त्रको अवस्था, जनशक्तिको आकार र दक्षता एवं सक्षमताको अवस्था र कानुनी आधारबारे स्पष्ट हुनु पर्छ । जनशक्ति सङ्ख्यात्मक रूपमा पर्याप्त देखिए पनि कार्यदक्षताको हिसाबले सक्षमता र कुशलताको अवस्था सोचनीय नै छ । अब तर्जुमा हुने योजनाले उल्लिखित पक्षमा पनि यथेष्ठ कार्यक्रमको तालिकासहित नवीनतम आधार तयार गर्न सक्नु पर्ने हुन्छ ।*

# आयोगबाट न्याय पाउने आशामा निराश द्वन्द्वपीडित न्यौपाने



जलेश्वरटुडे समाचारदाता
रौतहट, ६ बैशाख

दश वर्षे शसस्त्र द्वन्द्वको समयमा तत्कालीन विद्रोही नेकपा माओवादी एबम् सरकार पक्षबाट समेत चरम यातनाबाट पीडित बनेका चन्द्रपुर १ स्थित पौराई निवासी श्रीराम न्यौपानेले मुलुकमा लोकतन्त्र हुँदै संघीय गणतन्त्र आइसक्दा समेत न्याय नपाएको बताएका छन् ।

नेकपा माओवादीले गरेको ससस्त्र द्वन्दका कारण उनीले ठूलो पीडा भोग्नुपरेको दुःख सुनाए । उनका अनुसार तत्कालीन विद्रोही पक्षबाट उनलाई शाररिक यातना, मानसिक यातना सँगै आफ्नो दुःख गरेर कमाएको सम्पत्ति समेत लुटपाट हुँदा बिचल्लीमा परेका थिए । सरकार पक्षलाई सघाएको भन्दै उनलाई विद्रोही माओवादीले चरम यातना दिएको क्षण सम्झदा आँखाभरि टिलपिल आशु अहिले पनि टुप्लुक्क चुहाउँछन । उनी आफू गिरफ्तारीमा समेत पटक पटक परेको बताउँछन् । सरकार र विद्रोही माओवादी बीचको विस्तृत शान्ति सम्झौता पश्चात द्वन्द्वपीडित हरुलाई न्याय दिलाउन बनेको सत्य निरूपण तथा मेलमिलाप आयोगमा समेत उजुरी दर्ता गराएका उनी न्याय पाउने आशामा बसेको वर्षौं भइसक्यो तर उनको आशा निराशामा परिणत भएको बताउँछन ।

द्वन्द्वपीडित न्यौपानेले संक्रमणकालीन न्यायका लागि स्थापना भएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको पुर्नगठन गर्नुपर्ने समेत बताउँछन् । ०७१ साल माघमा गठन भएका दुई आयोगको कार्यकाल दुई वर्षको थियो । तेस्रोपल्ट म्याद थपेर दुई वर्षे अवधिको आयोगको अवधि चार वर्ष पुर्याउदै पटक पटक म्याद मात्र थप गर्ने मात्र काम भएको भन्दै आयोग प्रति उनले गुनासो गरेका छन् । उनले गएको ०७२ साल जेठ ११ गते आफ्नो उजुरी दर्ता गराएका थिए।

आयोगले पीडितलाई परिपूरण, क्षतिपूर्ति र पुनःस्थापनमा पठाउन सकेका छैनन् । अन्तिम क्षणमा पनि उजुरी लिने र केही फाइलको प्रारम्भिक अनुसन्धानमै सिमित भएको भन्दै पीडितको आक्रोश बढेको हो । पीडितलाई न्याय र दोषीलाई कारबाही सिफारिस मुख्य उद्देश्य दिइए पनि अहिलेसम्म समस्या यथावत रहेका कारण पीडितमा निरासा बढेको छ ।

द्वन्द्वका बेला राज्य तथा विद्रोही पक्षका ज्यादती र मानव अधिकार उल्लघंनका घटना छानबिन गरी यी कार्य भविष्यमा हुनबाट रोक्न, उल्लघंनकर्ता पहिचान गरी कारबाही गर्न, पीडितलाई परिपूरण र राहत साथै भविष्यमा त्यस किसिमको अधिकार दूरूपयोग हुन नदिन र पीडित र पीडकबीच मेलमिलाप कायम गर्ने आयोगका मुख्य जिम्मेवारी हुन् । तर आयोगको काममा विलम्ब हुनुले पीडितमा नैराश्यता उत्पन्न गराएको छ । उनी पौराईका न्यौपाने त द्वन्द्व पीडितका प्रतिनिधिमूलक पात्र हुन् देशका हजारौं श्रीराम न्यौपाने जस्ता पीडितहरुले न्यायको आशामा बसेका छन् ।




# २३ वर्षीय युवतीका जलिरहको शव बरामद



गणेश कुमार सिंह
धनुषा, ६ बैशाख

धनुषाको जनकपुरधाम उपमहानगरपालिका १६ पुलचोकमा रेल्वे नजिक पोखरी डिलमा बुधबार राति २३ वर्षीय युवतीको शव जलिरहको अवस्थामा प्रहरीले बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डीएसपी रञ्जन अवाका अनुसार पोखरीको डिलमा राति ८ बजेतिर शव जलिरहेको स्थानीयले खबर गरेपछि प्रहरी टोली घटनास्थल पुगेर बरामद गरेको हो । शव महोत्तरीको मनरासिसा नगरपालिका-२ कि २३ वर्षीया प्रियंका महतोको रहेको डीएसपी अवाले बताए ।

*धनुषामा चार बर्ष................*

छ । उनले भनिन, 'तरकारी बेच्नकै लागि जेनतेन तीनकौरिया चोक पुग्नुपर्थ्यो । हाटबजार लाग्न थालेपछि गाउँको एक ठाउँमै सबैथोक बेच्न र किन्न पाइने भएको छ।' स्थानीयका अनुसार विसं २०७६ सम्म सोही स्थानमा ठूलो हाटबजार लाग्ने गरेको थियो। उक्त हटियामा स्थानीय उत्पादन आलु, पयाज, काउली, परवल, कदिमा, तेजपत्ता, स्याउ, सुन्तलालगायत तरकारी तथा फलफूल खरिदबिक्री गर्न मानिस आउने गर्दथे । छिमेकी देश भारतबाट समेत भरिया लिएर व्यापारी त्यस हटियामा आउनेजाने गरेका थिए । 'त्यति ठूलो हाटबजार विभिन्न कारणले बन्द हुनपुग्यो, जनप्रतिनिधि हुनुका नाताले केही वर्ष पहिलेदेखि पटकपटक हाटबजार सञ्चालन गर्न पहल गरेको थिएँ तर सफलता भने अहिले प्राप्त भएको छ,' नगरप्रमुख बेचन दासले भने, 'स्थानीय किसानको उत्पादन खपत अब यहाँ हुनेछ । व्यावसायिक रूपमा तरकारी तथा फलफूल उब्जाउन साना किसानलाई यो हाटबजारले प्रोत्साहन दिनेछ ।'

## तपाईको टुडे

मेषः खानपानमा समस्या आउने

वृषः अशुभ समाचार प्राप्त हुने

मिथूनः मनमा पछुतो आउने

कर्कटः पिछडेको साथी मिल्ने

सिंहः मित्रतामा फाटो आउने

कन्याः लामो यात्राको योग छ

तुलाः आम्दानी हुने

वृश्चिकः विचार गरेर बोल्नुहोला

धनुः अनावश्यक चिन्ता

मकरः अनावश्यक खर्चको संभावना

कूम्भः पढाईमा ध्यान दिनुपर्ने

मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# के हो दुबईमा वर्षा गराउन प्रयोग गरिएको क्लाउड सिडिङ प्रविधि ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ बैशाख



१५ अप्रिलको राति संयुक्त अरब इमिरेट्स, साउदी अरब, बहराइन र ओमानमा मुसलधारे वर्षा सुरु भयो। हेर्दा हेर्दै आँधी आउन लाग्यो । स्थिति यस्तो भयो कि मंगलबारसम्म यी देशका दर्जनौं सहरमा बाढी आयो।

दुबईमा मंगलबार सकिदाँसम्मको २४ घण्टामा १४२ एमएम (५ दशमलव ५९ इन्च) पानी परेको छ। यो भनेको दुबईमा २ वर्षमा पर्ने जत्ति पानी हो। केही विज्ञहरूले कृत्रिम वर्षा अर्थात् क्लाउड सिडिङका कारण यति धैरै पानी परेको बताएका छन्। एसोसिएट प्रेसले त आफ्नो समाचारमा दुबईको सरकारले सोमबार क्लाउड सिडिङ गरेर वर्षा गराउन विमानै उडाएको दाबी पनि गरेको थियो। विमान उडेको केही बेरमा खाडी देशमा मुसलधारे वर्षा भएर बाढीको स्थिति आएको समाचारमा उल्लेख छ।

दुबईले एपीको यो समाचारको खण्डन गरेको छ। के हो त क्लाउड सिडिङ ? यसबाट कसरी हुन्छ वर्षा ? प्राकृतिक रुपमा वर्षा नहुँदा कृत्रिम तरिकाले बादललाई वर्षामा बदल्ने तकनिक नै क्लाउड सिडिङ हो। यसमा सिल्भर आयोडाइड, पोटाशियम आयोडाइड र ड्राई आइस (सलिड कार्बन डाईअक्साइड) जस्ता रसायनलाई हवाईजहाजबाट बादल नजिकै छरिन्छ।

# रिलिजअघि नै पुष्पा-२ कमाई 'फाइटर'को बराबरी

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ बैशाख




दक्षिण भारतीय सुपरस्टार अल्लु अर्जुनको 'पुष्पा-२ द रुल'को प्रतीक्षामा फ्यानहरू लामो समयदेखि थिए। यो वर्षको सर्वाधिक चर्चित फिल्म मध्ये एक हो पुष्पा-२। हालै यस फिल्मको टिजर रिलिज भएको थियो। साडीमा अल्लुको एक्शन देखेर दर्शकहरू हैरान छन्। यो टिजर रिलिज भएपछि फिल्मप्रति फ्यानहरूको उत्साह झनै बढेको छ।

रिलिज अगावै मेकरहरूले फिल्मका लागि ठुल्ठुला सम्झौता गरिरहेका छन्। फिल्म अगस्ट १५ मा हलमा आउने तयारीमा छ। ठुलो पर्दामा रिलिज हुनुअघि नै फिल्म नयाँ कीर्तिमान बनाइरहेको देखिन्छ। मिडिया रिपोर्टका अनुसार हिन्दी फिल्म उद्योगका ठुला वितरकहरू मध्येका एक अनिल थडानीले पुष्प २: द रुलका निर्माताहरूसँग २०० करोड भारुको सम्झौता गरेका छन्। सम्झौता अनुसार एए फिल्म्सले उत्तर भारतीय क्षेत्रमा यो फिल्म रिलिज गर्नेछ। दक्षिण भारतीय फिल्मले हिन्दी बेल्टमा पाएको यो सबैभन्दा ठुलो अग्रिम रकम भएको बताइएको छ। यो रकम ऋतिक रोशन र दिपिका पदुकोणको फिल्म फाइटरले भारतीय बक्स अफिसमा कमाएको रकम हाराहारी हो। अन्य केही रिपोर्टका अनुसार फिल्म छायाङ्कनको औपचारिकता जुनभित्र सम्पन्न हुनेछ। साउथमा पनि फिल्मलाई लिएर निकै उत्साह छ। चलचित्रलाई ठुलो पर्दामा रिलिज गर्न निर्माण पक्षले ठुलो रकम मागिरहेका छन्। अल्लु अर्जुन र उनको टोलीले फिल्मलाई ब्लकबस्टर बनाउन कुनै कसर बाँकी नराख्ने बताइएको छ। देशभर फिल्मको व्यापक प्रचारप्रसार गर्ने योजना बनिरहेको छ। पुष्प २: द रुल सुकुमारले निर्देशन गरेका हुन्।

# क्रसबोर्डर भुक्तानीको दायरा फराकिलो बन्दै, विदेश जाँदा डलर साट्न नपर्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ बैशाख



नेपाल र अन्य देशबीच हुने अन्तरदेशीय (क्रसबोर्डर) भुक्तानी सेवा पूर्ण रुपमा सञ्चालन हुने भएको छ। अहिले संकुचित रुपमा रहेको भुक्तानी सेवाको दायरालाई फराकिलो बनाउने गरी नेपाल राष्ट्र बैंकले नयाँ व्यवस्था गर्न लागेको हो।

मंगलबार राष्ट्र बैंकको विदेशी विनिमय व्यवस्थापन विभागले अन्तरदेशीय भुक्तानी सम्बन्धी व्यवस्थाको मस्यौदा सार्वजनिक गर्दै यसमा आवश्यक सुझाव दिन भनेको छ। एक महिनाभित्र प्राप्त सुझाव समेतका आधारमा परिमार्जित व्यवस्था लागू गर्ने राष्ट्र बैंकले जनाएको छ। यसअनुसार अब नेपालबाट भारत वा अन्य मुलुकमा जाने नेपालीले नेपाली बैंक वा भुक्तानी सेवा प्रदायकको एप्लिकेसनमार्फत् सम्बन्धित देशमा क्यूआर स्क्यान गरी भुक्तानी गर्न सक्नेछन्। यसअघि विदेशबाट नेपाल आउने व्यक्तिले नेपालमा भुक्तानी गर्न यो व्यवस्था लागु गरिएको थियो। पछि नेपालमा रहेका भारतीय नागरिकलाई आफ्नो देशमा पैसा पठाउन र विदेशमा रहेका नेपालीलाई नेपालमा रेमिट्यान्स पठाउने सुविधा थप गरिए पनि यसको प्रयोग खासै भएको छैन। नयाँ सुविधा थप गर्न लागेसँगै राष्ट्र बैंकले कारोबारको सीमा, सेवा प्रदायकको शुल्क तथा स्वीच लगायत विषयसँग सम्बन्धित नयाँ व्यवस्था गर्ने तयारी शुरु गरेको हो। राष्ट्र बैंकले जारी गरेको मस्यौदामा अन्तरदेशीय कारोबारको शुल्क सेवा प्रदायकले नै तोक्न पाउने व्यवस्था गरिएको छ। यसअघि पनि यस्तो पेमेन्टको शुल्क निर्धारण गरिएको थिएन।

# आईपीएलमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्ने धोनीपछि दोस्रो खेलाडी बन्दै छन् रोहित शर्मा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ६ बैशाख



इन्डियन प्रिमियर लिग (आईपीएल) मा बिहीबार मुम्बई इन्डियन्स र पञ्जाब किङ्सबिच खेल हुँदैछ। यो खेल मुम्बई इन्डियन्सका प्रभावशाली खेलाडी रोहित शर्माका लागि विशेष छ। यो खेलसँगै रोहित शर्माले आईपीएलको इतिहासमा महेन्द्रसिंह धोनीको कीर्तिमानको बराबरी गर्नेछन्।

रोहित शर्मा सन् २००८ मा सम्पन्न पहिलो संस्करणदेखि नै आईपीएलमा सहभागी हुँदै आएका छन्। उनी आईपीएलको इतिहासमा सर्वाधिक सफल कप्तान पनि हुन्। उनकै कप्तानीमा मुम्बईले पाँचपटक आईपीएलको उपाधि चुमिसकेको छ। जारी आईपीएलमा पनि उनी मुम्बईका लागि सर्वाधिक रन बनाउने खेलाडी हुन्। मुम्बई र पञ्जाबबिच बिहीबार खेलिने खेल रोहित शर्माका लागि आईपीएलमा २५०औँ खेल हुनेछ। आईपीएलको इतिहासमा हालसम्म धोनीले मात्र दुई सय ५० वा त्योभन्दा बढी खेल खेलेका छन्। धोनीले हालसम्म आईपीएलमा दुई सय ५६ खेल खेलिसकेका छन्। रोहित शर्मा बिहीबारको खेलपछि यस्तो उपलब्धि हासिल गर्ने दोस्रो खेलाडी बन्नेछन्। अर्का प्रभावशाली खेलाडी विराट कोहलीले भने हालसम्म आईपीएलमा दुई सय ४४ खेल खेलेका छन्। रोहित शर्माले हालसम्म आईपीएलमा दुई सय ४४ पाली खेल्दै ३०.१ को औसत र १३१.२२ को स्ट्राइक रेटमा कुल चार हजार नौ सय ३२ रन बनाएका छन्। यस क्रममा उनले दुई शतक र दुई अर्धशतक पनि प्रहार गरेका छन्। यसका अतिरिक्त उनले १५ विकेट पनि लिएका छन्। रोहित शर्मा आईपीएलको इतिहासमा बलिङतर्फ ह्याट्रिक विकेट लिने र ब्याटिङतर्फ शतक बनाउने निकै कम खेलाडीमध्ये एक हुन्। उनले मुम्बईका अतिरिक्त डेक्कन चार्जर्सबाट पनि आईपीएल खेलेका थिए।

सूचना

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु :



- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो संग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने

त्यसैले खानामा आयोडिन मिसाएको नुन खानु नै एक मात्र सरल उपाय हो।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नुन नै खाऔं"

मटिहानी नगरपालिकाको कार्यालय, महोत्तरी

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

# कुशासनको बाटोमा स्थानीय तह

- नेपालमा पटक-पटक राजनीतिक परिवर्तन भए। जनताको जीवनस्तर उठ्ने र देशकै कायापलट हुने जनताको आशा र भरोसाले कहिल्यै सार्थकता पाएन। जहिल्यै भ्रष्टाचार र कुशासनले मात्रै प्रश्रय पाइरह्यो। २०४६ सालमा ३० वर्षे निरंकुश पञ्चायती व्यवस्थाको अन्त्यका लागि जनताले रगत बगाए। बहुदलीय व्यवस्थाको पुनस्थापना भयो। २०६२-०६३ सालमा अर्को जनक्रान्ति भयो। जनताले राजतन्त्र फाले। गणतन्त्र आयो।


देश संघीयतामा गयो। विगतका जनआन्दोलन र क्रान्तिमा सयौं सहादत भए, हजारौंले अपांगताको जीवन जीउनु परेको छ। देशमा भएका ठूला-ठूला क्रान्तिपछि मुलुकमा भ्रष्टाचार नियन्त्रण हुन्छ, जनताले अब घरको आँगनबाट सेवासुविधा पाउँछन्, देश समृद्ध हुन्छ, विकासले गति लिन्छ भन्ने आमजनतामा विश्वास थियो तर राजनीतिक परिवर्तन भए, जनताको अवस्था परिवर्तन भएन।

गणतन्त्र, लोकतन्त्रले सुशासनको प्रत्याभूति हुनुपर्नेमा उल्टै अराजकतन्त्रले स्थान लिएको कानूनी शासन हुनुपर्नेमा भ्रष्ट तन्त्र हावी भएको छरपस्ट देखिन्छ। यस्तै कुसाशन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलमा परेका उजुरीका चाङले देखाएको छ। रुपन्देहीका १६ स्थानीय पालिकाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको उजुरी कुन्जिकामा ३ सय २६ वटा उजुरी परेको पाईएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बुटवलका अनुसार तीमध्ये १ सय ५४ उजुरी फर्छ्यौट भएको बताएको छ भने १ सय ७२ वटा उजुरी छानबिनको क्रममा रहेको बताइएको छ। रुपन्देहीमा विभिन्न प्रकृतिका ५२६ उजुरी परेकोमा जसमा २६८ उजुरी फर्छ्यौट हुन बाँकी छन्। रुपन्देहीका १६ स्थानीय पालिकामध्ये बुटवल उपमहानगरपालिका क्षेत्रको सबैभन्दा बढी उजुरी परेको छ। १ सय ३८ उजुरीमध्ये ६७ फर्छ्यौट भएका छन् भने ७१ वटा फर्छ्यौट हुन बाँकी छन्। त्यस्तै लुम्बिनी सांस्कृतिक नगरपालिकाको ६१ उजुरीमध्ये ३२ वटा फर्छ्यौट भएका छन् भने २९ फर्छ्यौट हुन बाँकी छन्। मर्चवारी गाउँपालिकाका ५८ उजुरी मध्ये ३२ उजुरी फर्छ्यौट भएका छन् भने २६ उजुरी फर्छ्यौट हुन बाँकी छन्। त्यस्तै सिद्धार्थनगर नगरपालिका को ५४ उजुरी परेकोमा २३ उजुरी फर्छ्यौट हुन बाँकी छन्।

गैडहवा गाउँपालिकाका ४४ उजुरीमा २१ उजुरी फर्छ्यौट हुन बाँकी छन्। तिलोत्तमा नगरपालिकाको ३२ उजुरीमा १७ उजुरी फर्छ्यौट हुन बाँकी छन्। कोटहिमाईका ३२ उजुरीमा १३ उजुरी फर्छ्यौट हुन बाँकी छन्। मायादेवी गाउँ पालिकाका २१ उजुरी मध्ये १३ उजुरी फर्छ्यौट हुन बाँकी छन्। समरीमाई गाउँपालिकाको २० मध्ये १४ उजुरी फर्छ्यौट हुन बाँकी छन्। रोहिणी गाउँपालिकाको १२ उजुरीमध्ये ७, सियारी गाउँपालिकाको १२ मध्ये ६ उजुरी फर्छ्यौट हुन बाँकी छन्। देवदह नगरपालिकाको ११ वटा उजुरी परेकामा ९ वटा फर्छ्यौट हुन बाँकी छन्। ओमसतिया गाउँपालिकाका ९ उजुरीमध्ये ७ उजुरी फर्छ्यौट हुन बाँकी छन्। कञ्चन गाउँपालिकाको ६ उजुरी परेकोमा ४ उजुरी फर्छ्यौट हुन बाँकी छन्। जिल्लाको सबैभन्दा कम उजुरी परेको शुद्धोधन गाउँपालिकाको २ वटा उजुरी परेकामा १ वटा फर्छ्यौट हुन बाँकी रहेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलका सूचना अधिकारी ईश्वरप्रसाद आचार्यले जनाएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलका सूचना अधिकारी ईश्वरीप्रसाद आचार्यका अनुसार बुटवल उपमहानगरपालिका विरुद्ध परेका २३ वटा उजुरी छानबिनको क्रममा रहेको बताएका छन्। उनका अनुसार तिलोत्तमा नगरपालिका अन्तर्गत १४, सैनामैना नगरपालिका ३, देवदह नगरपालिका ७, सिद्धार्थ नगरपालिका ९, लुम्बिनी सांस्कृतिक नगरपालिका १९, गैडहवा गाउँपालिका १६, कोटहीमाई गाउँपालिका १३, सम्मरीमाई गाउँपालिका १२, मायादेवी गाउँपालिका १०, रोहणी गाउँपालिका ७, ओमसतिया ७, सियारी गाउँपालिका ३ र कञ्चन गाउँपालिकामा २ वटा उजुरी छानबिनमा रहेका छन्।

सूचना अधिकारी आचार्यले स्थानीय तहहरुले स्थानीय प्राकृतिक स्रोत नदीजन्य पदार्थ उत्खननमा गरेको ठेक्का प्रक्रिया, सडक निर्माणकार्य, विद्यालय, कर्मचारी भर्ना र विभिन्न सामाग्री खरिद आदि विषयमा केन्द्रित भएर विभिन्न माध्यमबाट उजुरी परेको बताउँदै जुनसुकै माध्यमबाट उजुरी परे पनि तथ्य र प्रमाणको आधारमा छानबिन प्रक्रिया अगाडि बढाइने, हालसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यालय बुटवलको कार्य क्षेत्रभित्र रहेका ८ जिल्लाका ७७ वटा स्थानीय तहमा एक हजार १ सय ४१ वटा उजुरी परेको जनाए। त्यसमध्ये ४ सय ९६ उजुरी फर्छ्यौट भएका छन् भने ६ सय ४५ उजुरी अनुसन्धानको प्रक्रियामा छन्। यो त उदाहरण मात्र हो। अहिले जुनसुकै स्थानीय तह विवादबाट मुक्त छैनन्। भ्रष्टाचारले सबै स्थानीय तहलाई गाँजेको छ। यस्तो लाग्छ लोकतन्त्र ल्याएकै यसका लागि हो। कुरा स्पष्ट छ, सुशासन नभएसम्म देशले काँचुली फेर्दैन। तन्त्र फेरिन सक्छ तर मुलुकको मुहार फेरिने एकमात्र मन्त्र नै सुशासन हो।

*साभारः हाम्राकुरा।*













# हत्यामा संलग्न रहेका अर्का भारतीय युवक पक्राउ



जलेश्वरटुडे समाचारदाता
सर्लाही, ६ बैशाख

गएको साउन अन्तिममा लखन्देही खोलामा टाउको र रानिगन्ज जंगलमा शरीर फेला परेका भारतीय युवकको हत्यामा संलग्न रहेका अर्का भारतीय युवकलाई प्रहरीले पक्राउ गरेको छ। हरिवन नगरपालिका-४, स्थित पूर्व पश्चिम राजमार्गको लखन्देही पुलमुनि घाँटी भन्दा तलको भाग काटिएको अवस्थामा बेवारिसे पुरुषको टाउको मात्रै फेला परेको थियो। त्यसको दुई दिनपछि लालबन्दी नगरपालिका-१७, स्थित पूर्व पश्चिम राजमार्ग नजिक रानिगन्ज जंगलमा टाउको भन्दा तलको शरीर फेला परेको थियो।

उक्त टाउको र शरीर भारतको सितामढी थाना पुरौना भिलेज पोष्ट मनियारी वडा नं. ५ बस्ने २३ वर्षीय गोलु भन्ने अभिषेक राजको रहेको भनी पछि परिवार आएर पुष्टी गरेका थिए। अभिषेकको हत्यामा संलग्न रही फरार रहेका भारतको सितामढी सोनवर्षा थाना ग्राम पंचायत पुरनदहा राजवडा पश्चिम वडा नं. ५ बस्ने २७ वर्षीय रन्जित कुमार बैठालाई प्रहरीले पक्राउ गरेको हो।

बैठालाई सदरमुकाम मलंगवा नगरपालिका-८, गोरखकालीस्थित नेपाल-भारत सीमा दशगजा नजिकै लागिरहेको महायज्ञ मेलामा घुमिरहेको अवस्थामा पक्राउ गरिएको सर्लाही प्रहरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डिएसपी) दीपक श्रेष्ठले जानकारी दिए।

डिएसपी श्रेष्ठले बैठालाई सर्लाही जिल्ला अदालतबाट म्याद थप गरी हिरासतमा राखेर विभत्स हत्याको घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको बताए।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday